# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३भक्तपुर, पौष ३गते, २०७६ साल संख्या१०


**भाग१**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको पाँचौनगर सभा २०७६ बाट पारित भएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।

सम्वत् २०७६ सालको ऐन

## भक्तपुर नगरपालिका सवारी दर्ता तथा संचालनगर्न बनेको ऐन, २०७६

**प्रस्तावना :**

भक्तपुर नगरपालिका क्षेत्रभित्र सरसफाई र सार्वजनिकयातायातलाई सहजबनाउननगरपालिकाले नगर भित्र र आसपासका क्षेत्रमा समेत सञ्चालन गरी नगरको सरसफाई र सार्वजनिकआवागमनमा सहजताल्याउन, नियमितगर्न र व्यवस्थापनगर्न वाञ्छनीय भएकोले संविधानको धारा २२६, अनुसूची ९ एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ट) र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको पाँचौ नगर सभाबाट भक्तपुर नगरपालिका सवारी दर्ता तथा संचालनगर्न बनेको ऐन, २०७६ पारित गरि लागू गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भः

क) यो ऐनलाई “भक्तपुर नगरपालिका सवारी दर्ता तथा संचालनगर्न बनेको ऐन, २०७६” भनिनेछ ।

ख) यो ऐन तुरुन्तलागू हुनेछ ।

२. परिभाषा:विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

क) “ऐन”भन्नाले भक्तपुर नगरपालिका सवारी दर्ता तथा संचालनगर्न बनेको ऐन, २०७६” लाई सम्झनु पर्दछ ।

ख) “नगरपालिका”भन्नाले भक्तपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) “हलुका सवारी साधन”भन्नाले भक्तपुर नगरपालिका र आपसासका क्षेत्रमा संचालनगर्ने ट्राइसाइकल र माइक्रो भ्यानलाई सम्झनु पर्दछ ।

घ) “सवारी साधनदर्ता” भन्नाले सवारी साधनतथायातायातव्यवथापन ऐन २०४९ र सवारी तथायातायातव्यवस्थानियमावली २०५४, बमोजिमदर्ता भएका र यस कार्यविधिको दफा २ (ग) माउल्लेखितप्रकृतिको सवारी साधनहरु यस ऐनको दफा ३ बमोजिमभक्तपुर नगरपालिकामागरिने दर्तालाई सम्झनु पर्दछ ।

ङ) “क्षेत्र”भन्नाले भक्तपुर नगरपालिका र आसपासको क्षेत्र भित्रभन्ने सम्झनु पर्छ ।

च) “अधिकार प्राप्तअधिकारी”भन्नाले भक्तपुर नगर कार्यपालिकाले यो ऐन बमोजिम सवारी साधनदर्ता तथा संचालनगर्न स्वीकृतिदिने गरी तोकिएको अधिकारीलाई जनाउनेछ ।

## परिच्छेद – २

## सवारी दर्ता र नवीकरण सम्बन्धीव्यवस्था

३. सवारी दर्ता : (क) सवारी तथायातायातव्यवस्था ऐन, २०४९ तथा सवारी तथायातायातव्यवस्थानियमावली, २०५४ बमोजिम नेपालभित्रयातायातव्यवस्थाकार्यालयमादर्ता भएका सवारी साधनभए सोको ब्लूबुकतथाविभिन्न मुलुकबाट आयात गरी ल्याएको सवारी साधनभए सोको भन्सार महसुलतिरेको निसावा प्रमाणसहित कागजात संलग्न राखीदर्ता गर्नेछ ।

(ख) दर्ता भएको सवारी साधननगरपालिकाले आफ्नै प्रयोजनमावानगरबासीको सेवा सुविधाको लागिप्रयोग गर्ने गराउने छ ।

(ग) दफा ३ (क) बमोजिमदर्ता नगरी सवारी साधन सञ्चालनगर्न पाउने छैन ।

४. (क) सवारी दर्ता गर्दा त्यस्तो सवारी साधन नेपालभित्रखरिद वातयारी गरेको भए सो कम्पनीवाफर्मको नाम, बनेको साल र सो को निस्सा समेतको कागजात राखीदर्ता गर्नु पर्नेछ ।

(ख) विदेशबाट आयात गरी ल्याएको भए सो देशको नाम, बनेको साल र आयातगर्ने फर्म वाकम्पनीको नाम, भन्सार महसुलतिरेको रसिद संलग्न गरी दर्ता गर्नु पर्नेछ ।

(ग) दफा ३ (क) (ख) र दफा ४ (क) (ख) बमोजिम सवारी दर्ता गर्दा अनुसूची १ बमोजिमको सवारी दर्ता प्रमाण पत्रदिईने छ ।

(घ) दर्ता गरी सञ्चालनगर्ने सवारी साधनको अनिवार्य रुपमा तेस्रो पक्षबिमा गरी मात्र सञ्चालनगर्नु पर्नेछ ।

(ङ) दर्ता भएका सवारी साधनहरु प्रत्येक वर्ष नगरपालिकामानवीकरण गराउनु पर्नेछ र दर्ता तथानवीकरणका लागिअनिवार्य रुपमा तेस्रो पक्षबिमा गराउनु पर्नेछ ।

(च) दर्तानवीकरण शुल्कतोकिएबमोजिमहुनेछ ।

## परिच्छेद – ३
## मेकानिकलजाँचपास

५. सवारी जाँचगर्नु पर्ने : दर्ता भई सञ्चालनगरिने प्रत्येक सवारी साधन ६ महिनामा एक पटक अनिवार्य मेकानिकलजाँचपास गरी सञ्चालनगर्नु पर्नेछ ।

६. मेकालिकलजााचगर्दा निम्नआधार लिनेछ ।

(क) सवारीको यान्त्रिक स्थितिको सम्बन्धमा ।

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा ।

(ग) सवारीबाट हुन सक्ने प्रदूषणको सम्बन्धमा ।

(घ) सवारी चलाउन सकिने अवधिको सम्बन्धमा ।

## परिच्छेद – ४
## सवारीको लगत राख्ने

७. सवारीको लगत राख्ने र विवरण पठाउने : (१) भक्तपुर नगरपालिकाले यस ऐन बमोजिमदर्ता भएको प्रत्येक सवारीको धनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, इन्जीननम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजनइत्यादि समेत स्पष्ट रूपमाखुल्ने गरी अनुसूची २ बमोजिमदर्ता किताबमा लेख्न लगाई सवारीको लगत अद्यावधिक राख्नु पर्छ । त्यस्तो दर्ता किताबको सम्बन्धितपानामा सवारी धनीको फोटो समेत टाासिएको हुनु पर्छ ।

(२) उपदफा७(१) बमोजिमको अद्यावधिकविवरण नजिकको यातायातव्यवस्थाकार्यालय, जिल्लाप्रशासनकार्यालय, भक्तपुर, महानगरीय प्रहरी परिसर, भक्तपुर, महानगरीय ट्राफिक प्रहरी परिसर, भक्तपुरमाजानकारीकालागि पठाइने छ ।

## परिच्छेद – ४
## विविध

८. **यसै ऐन बमोजिमहुने :** यस कार्यविधिमा लेखिएबमोजिमकाविषयमा यसै ऐन बमोजिमहुनेछ । यसमा लेखिएकाबाहेककाअन्य कुराहरु सवारी साधनतथायातायातव्यवथापन ऐन २०४९, र सवारी तथायातायातव्यवस्थानियमावली २०५४ तथाप्रचलित संघीय तथाप्रादेशिककानूनबमोजिमहुनेछ ।

अनुसूची-१
(दफा४ संग सम्बन्धित)
भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## सवारी दर्ता प्रमाणपत्रको ढाँचा

सवारी धनीको फोटो

१. सवारीको धनीको नाम :
२. ठेगाना :
३. सवारी दर्ता भएको मिति :
४. दर्तानम्बर :
५. सवारी निर्माताको नाम :
६. मोडेल :
७. वर्ष :
८. इन्जीननम्बर :
९. चेसिस नम्बर :
१०. सवारीको किसिम :
११. वजन :
१२. सवारी रंग :
१३. संचालन क्षेत्र :
१४. सवारी धनीको फोटो/छाप :       अधिकृतको सही :-

दर्तागर्ने अधिकारीको
हस्ताक्षर :-
मिति :-
नामसारी भएको मिति ... ...
सवारी धनीको नाम, थर, वतन :-... ... . ....

नामसारी गर्ने अधिकारीको
हस्ताक्षर:-

**नवीकरणविवरण**

| मिति | अधिकार प्राप्तअधिकारीको हस्ताक्षर | कार्यालयको छाप |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

अनुसूची- २
(दफा७ संग सम्बन्धित)

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**सवारी दर्ता किताब**

१. सवारीको धनीको नाम :
२. ठेगाना :
३. सवारी दर्ता भएको मिति :
४. दर्तानम्बर :
५. सवारी निर्माताको नाम :
६. मोडेल :
७. वर्ष :
८. इन्जीननम्बर :
९. चेसिस नम्बर :
१०. सवारीको किसिम :
११. वजन :
१२. सवारी रंग :
१३. संचालन क्षेत्र :
१४. सवारी धनीको फोटो/छाप :

............................. ........................
रुजु गर्ने प्रमाणित गर्ने

आज्ञाले
(दिपककोइराला)
प्रमुखप्रशासकीयअधिकृत

प्रमाणिकरण मिति : २०७६।३।२४गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८